पाठ ६५

१. के येशू यस संसारमा यस हेतुले आउनुभएको हो कि हामी उहाँको निम्ति काम गरौं र हाम्रो स्वर्गको बाटो कमाऊँ ?
- होइन ।

२. येशू यस संसारमा किन आउनुभएको हो भनी उहाँले भन्नुभयो ?
- मानिसहरूको सेवा गर्न र धेरै मानिसहरूको जीवनको मोल बन्नको लागि जीवन दिन ।

३. बारतिमैको अन्धोपनले कसरी हामी सबैको अन्धोपनको बारेमा याद गराउँछ ?
- जसरी बारतिमै अन्धो थियो त्यसरी नै सबै मानिसहरू पनि अन्धो जन्मिएका छन् ।

४. कसरी सबै मानिसहरू अन्धो जन्मिएका छन् ?
- किनभने आदम र हव्वाले परमेश्वरको आज्ञा उल्ङ्घन गरे त्यसैले तिनीहरू परमेश्वरमा अन्धा भए ।

५. के बारतिमै फेरि देख्न सक्नेगरी आफूले आफ्नो उपचार गर्न सक्थ्यो ?
- सक्दैनथ्यो ।

६. के मानिसहरू परमश्वरको सत्य आफ्नै देख्न सक्षम छन् ?
- छैनन् ।

७. बारतिमैलाई फेरि देख्ने बनाउन कसले मात्रै सहायता गर्न सक्थ्यो ?
- येशूले ।

८. सबै मानिसहरूलाई फेरि दख्ने बनाउन कसले मात्रै सहायता गर्न सक्थ्यो ?
- येशूले ।

९. येशूलाई किन बारतिमैले दाऊदका छोरा भनेर बोलायो ?
- किनभने येशू राजा दाऊदका दरसन्तान हुनुहुन्थ्यो जसलाई परमेश्वरले उद्धारकर्ताका रूपमा पठाउँछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।

१०. किन मानिसहरूले बारतिमैलाई गाली गरे र उसलाई चुप रहन भने ?
- मानिसहरूले ठाने कि येशूले गरीब र अन्धो भिखारीलाई मद्दत गर्न चाहनुहुन्न होला ।

११. के येशू गरीब अन्धो भिखारीलाई सहयोग गर्न चाहनुहुन्थ्यो ?
- हो ।

१२. के परमेश्वरले सबैको वास्ता गर्नुहुन्छ ?
- गर्नुहुन्छ ।

१३. के येशूले बारतिमैलाई फेरि देख्नको निम्ति मद्दत गर्नुभयो ?
- गर्नुभयो ।

१४. के येशू मानिसहरूलाई रोमीहरूको दासत्वबाट छुटकारा दिन जेरूशेलम जाँदै हुनुहुन्थ्यो ?
- होइन ।

१५. येशू किन येशू येरूशलेम जानुभयो ?
- येशू मानिसहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट छुटाउन जेरूशेलम जाँदैहुनुहुन्थ्यो ।

- किनभने यहूदी अगुवाहरूले येशूलाई घृणा गर्ने हुनाले तिनीहरूले येशूलाई मार्ने दाउ खोजिरहेका थिए ।

आउनुस् मर्कूस १४:१-२ पद पढौं ।

[१]निस्तार र अखमिरी रोटीको चाडको निम्ति अब केवल दुइ दिन बाँकि थियो। मुख्य पूजाहारीहरू र शास्त्रीहरू येशूलाई पक्रन अनि मार्ने जाल साजीको भयानक खोजमा थिए। [२]तिनीहरूले भने, “तर चाडको समयमा हामीले येशूलाई पक्रनु हुँदैन किनभने मानिसहरू क्रोधित हुनेछन् अनि दङ्गा मच्चाउने डर हुन्छ।”

- निस्तार चाडको समयमा किन येहूदीहरू येशूलाई पक्राउ गर्न चाहदैनथे ?

- यदि तिनीहरूले चाडको समयमा येशूलाई पक्राउ गरेभने मानिसहरू हिंस्रक हुनेछन् भनी डराएका थिए ।

आउनुस् मर्कूस १४:१० पद पढौं ।

१० यसपछि बाह्रजना प्रेरितहरू मध्ये एकजना चेला मुख्य पूजाहारीहरू भएकाहाँ गयो। यो चेलाको नाम थियो यहूदा इस्कारियोत। यहूदाले येशूलाई तिनीहरूको हातमा सुम्पेको चाहन्थ्यो ।

- येहूदा को थियो ?
- येहूदा येशूले छान्नुभएका १२ जना चेलामध्ये एक थियो ।

- के येहूदालाई ऊ आफू पापमा जन्मिएको हो र उसलाई उद्धारकर्ताका रूपमा येशू चाहिन्छ भन्ने थाहा थियो ?
- थिएन ।

- के यहूदालाई येशू उद्धारकर्ता प्रभु हुनुहुन्छ भनी थाहा थियो ?
- थिएन ।

- येहूदाले येशूलाई येशू उद्धारकर्ता हुनुहुन्छ भन्ने विश्वासमा पछ्याएको थिएन ।

- त्यसोभए यहूदाले येशूलाई किन पछ्यायो ?

- येहूदाले येशूलाई यसकारणले पछ्यायो कि उसले अझ धेरै पैसा कमाउन सकोस् ।

- जब येहूदाले येशूबाट पैसा कमाउन सकेन त्यसपछि उसले येशूलाई धोका दिएर उहाँका शत्रुहरूलाई सघाउने निर्णय गऱ्यो ।

- येशूलाई धोका दिने निर्णय गर्न कसले येहूदालाई उकास्यो ?
- शैतान ।

- शैतान किन येहूदाले येशूलाई धोका दिओस् भन्ने चाहन्थ्यो ?
- किनभने शैतानले येशूलाई घृणा गर्थ्यो ।

- शैतान येशूलाई किन घृणा गर्छ ?
- किनभने येशू परमेश्वर हुनुहुन्छ ।
- किनभने येशू सत्य बोल्नुहुन्छ ।

- शैतान यहूदी अगुवाहरूले येशूको हत्या गरून् भन्ने चाहन्थ्यो ।

- शैतान किन यहूदी अगुवाहरूले येशूको हत्या गरून् भन्ने चाहन्थ्यो ?

- शैतान यहूदी अगुवाहरूले येशूलाई मारून् ताकि येशूलाई हामीलाई बचाउन नसक्नुहोस् भनी चाहन्थ्यो ।

- शैतान यहूदी अगुवाहरूले येशूलाई मारून् ताकि येशूले पाप र मृत्युको शक्ति विनाश गर्न नसक्नुहोस् भनी चाहन्थ्यो ।

- शैतान यहूदी अगुवाहरूले येशूलाई मारून् ताकि येशूले शैतानको शक्ति विनाश गर्न नसक्नुहोस् भनी चाहन्थ्यो ।

- त्यसकारण यहूदा येशूलाई धोका दिएर यहूदी अगुवाहरूकहाँ गयो ।

- उद्धारकर्तालाई कसले धोका दिनेछ भनी अगमवक्ताहरूले भनेका थिए ?
- एकजना नजिकको साथीले ।

- अगमवक्ताहरूद्वारा परमेश्वरले धेरै वर्ष पहिले भनेजस्तै येशूलाई नजिकको साथीले धोका दिँदैथियो ।

आउनुस् मर्कूस १४:११ पद पढौं ।

मुख्य पूजाहारीहरू यो सुनेर खुबै खुशी थिए। यसकोलागि तिनीहरूले उसलाई जति पनि पैसा दिन तयार थिए। अनि येशूलाई तिनीहरूको हातमा सुम्पन उचित समयको प्रतीक्षा यहूदाले गरिरहेका थिए ।

- येहूदी अगुवाहरूले यहूदालाई येशूलाई धोका दिएवापत् चाँदीका ३० सिक्का दिन तैयार थिए ।

- येशूलाई कति पैसामा धोका दिइयो ?
- ३० वटा चाँदीका सिक्कामा ।

- परमेश्वरले अगमवक्ताहरूद्वारा धेरै वर्ष पहिले भन्नुभएजस्तै येशू चाँदीका ३० सिक्कामा बेचिनुहुनेथियो ।

- निस्तार चाडको पहिलो दिन जब आयो चेलाहरूले येशूलाई के भने ?

आउनुस् मर्कूस १४:१२ पद पढौं ।

यो अखमिरी रोटीको पहिलो दिन थियो । त्यो त्यस्तै समय थियो जुनबेला यहूदी हरूले निस्तारको थुमाहरूलाई बलिदान दिने गदर्थे । येशूको चेलाहरू उहाँकहाँ आए अनि भने, “हामी जानेछौ अनि निस्तार चाडको भोज तयार पार्नेछौं। तपाँईंले हामीहरूले निस्तार चाडाको भोज तयार गरेको चाहनुहुन्छ ?”

- येशूसँग चेलाहरूले तिनीहरूले कहाँ निस्तार चाडको भोज तैयार गरिरहेका छन् भनी सोधे ।

- निस्तार चाड के हो ?

- मिश्रमा भएको कुराको सम्झनामा यहूदीहरूले हरेक वर्ष मनाउने चाड निस्तार हो ।

- मिश्रमा के भएको थियो ?

- परमेश्वरले तिनीहरूका पहिले जन्मिएका सन्तानलाई मार्नुभएन तर तिनीहरूलाई सुरक्षित राखेर जानुभयो किनभने तिनीहरूले थुमाको बलि दिए र तिनीहरूको घरमा त्यही बलि दिएको थुमाको रगतको चिन्ह लगाए ।

- येशूले चेलाहरूलाई दिनुभएको जवाफ यहाँ छ ।

- आउनुस् मर्कूस १४:१३-१५ पद पढौं ।

१३येशूले आफ्नो दुइजना चेलाहरूलाई शहर पठाउनु भयो। उहाँले तिनीहरूलाई भन्नुभयो, “शहरमा जाऊ। त्यहाँ एउटा मानिसलाई गाग्रोमा पानी बोकेर आइरहेको भेट्नेछौ। तिनको पछि लाग। १४त्यो मानिस एउटा घरभित्र पस्नेछ। त्यही घरमा गएर त्यो घरको मालिकसँग भनः ‘गुरूज्यू सौध्नु हुन्छ उहाँ अनि उहाँका चेलाहरू निस्तार चाडको भोज खाने कोठा कहाँ होलान्।’ १५घर मालिकले तिमीहरूलाई मातिल्लो तलाको ठूलो कोठा देखाउनेछ जो सजाएर तयार पारेको छ । हाम्रा निम्ति त्यहाँ बन्दोबस्त गर।”

- येशूले भन्नुभयो कि चेलाहरूले एकजना पानीको घैंटो बोकिरहेको मानिस फेला पार्नेछन् र त्यो मानिस पस्ने घरमा त्यसलाई पछ्याउनेछन् ।

- यद्यपि पानीको घैंटो बोक्ने काम आइमाइको मात्रै हुन्थ्यो तर पनि यो घैंटो बोक्ने लोग्नेमानिस हुनेछ भनी येशूलाई थाहा थियो ।

- येशूलाई सबै मानिसको सबै कुरा थाहा हुन्छ ।
- येशूलाई थाहा नहुने कुरा केही पनि छैन ।

- जहाँ त्यो मानिस पस्नेवाला थियो त्यो चेलाहरूले निस्तारको भोज तैयार गर्ने घर हुनेवाला थियो ।

- चेलाहरूले पानीको घैंटो बोकेको मानिस फेला पारेहोलान् भनी तपाईं सोच्नुहुन्छ ?

आउनुस् मर्कूस १४:१६ पद पढौं ।

यसकारण चेलाहरू गए अनि शहरमा पसे येशूले भन्नु भएको जस्तै तिनीहरूले सबै कुराहरू भेट्टाए। यसर्थ तिनीहरूले नै निस्तार चाडको भोज तयार गरे।

- चेलाहरूले कोठा तैयार पारिसकेपछि साँझ पर्‍यो येशू र उहाँका चेलाहरू त्यहाँ आउनुभयो ।

आउनुस् मर्कूस १४:१७-१८ पद पढौं ।

साँझमा, येशू आफ्ना बाह्रजना प्रेरितहरू लिएर त्यो घरमा जानुभयो। [18] जब तिनीहरू खाँदै थिए, येशूले भन्नुभयो, “म तिमीहरूलाई साँच्चो भन्दछु। तिमीहरू बाह्रजना मध्ये एकजानले मलाई विश्वास घात गर्नेछौ। त्यो एकजनाले मसँगै अहिले खाईरहेको छ।”

- जब येशू र उहाँका चेलाहरूले सँगसँगै खाइरहेका थिए येशूले के भन्नुभयो ?

- चेलाहरूमध्ये एकजनाले उहाँलाई धोका दिनेछ भनी येशूले भन्नुभयो ।

- येशूलाई यहूदाले उहाँलाई धोका दिनेछ भनी भन्नुभयो ।

- यहूदाले उहाँलाई धोका दिनेछ भनी उहाँलाई कसरी थाहा भयो ?
- येशूलाई थाहा नहुने कुरा केही पनि छैन ।

- चेलाहरूमध्ये एकजनाले उहाँलाई धोका दिनेछ भनी येशूले किन भन्नुभयो ?

- यहूदाले आफूले गर्न गइरहेको काम पुर्नविचार गरोस् भन्ने येशूको चाहना थियो ।

- यहूदाले पश्चात्ताप गरोस् भन्ने येशूको चाहना थियो ।

- यहूदाले उसको विचार परिवर्तन गरोस् पैसा फिर्ता गरोस् र उहाँलाई धोका नदिओस् भन्ने येशूको चाहना थियो ।

- त्यसपछि चेलाहरूले के भने ?

आउनुस् मर्कूस १४:१९-२० पद पढौं ।

१९चेलाहरू यो सुनेर खुबै दुःखी भए। तिनीहरू सबैले येशूलाई भने, "निश्चयनै त्यो म होइनः ठीक हो?"
२० येशूले भन्नुभयो, "उ बाह्रजना मध्ये एक हो। उ त्यही हो जसले मसँगै कचौरामा रोटी चोप्दैछ।

- किनभने येशू र अरू चेलाहरूले सँगै खाइरहेका थिए त्यसैले उहाँले भन्नुभयो उहाँसँग अहिले सँगै कचौरामा रोटी चोप्ने चेलाले उहाँलाई धोका दिनेछ ।

- जसले धोका दिँदैथियो उसले उहाँसँगै खाना खाइरहेको थियो भनी येशूले भन्नुभयो ।

- फेरि येशूले यहूदाले गर्न गइरहेको कुरामा पुनर्विचार गरोस् भनी येशू चाहनुहुन्थ्यो ।

- के कसैसँग सँगै रोटी खानु र पछि उसैलाई धोका दिनु नराम्रो कुरा हो ?

- हो नराम्रो कुरा हो ।

- त्यसपछि येशूले के भन्नुभयो ?

आउनुस् मर्कूस १४:२१ पद पढौं ।

मानिसको पुत्र जानेछ अनि मर्नेछ। किनकि उनको बारेमा धर्मशास्त्रहरूमा लेखिएको छ। तर त्यस मानिसलाई धिक्कार छ जसद्वारा मानिसको पुत्रलाई विश्वासघात गरिनेछ। बरू पहिल्यै नजन्मेको भए त्यो मानिसलाई यो धैरै राम्रो हुनथियो।”

- येशूले आफूलाई किन मानिसको पुत्र भन्नुभयो ?

- किनभने उहाँ पूर्ण रूपमा मानिस पनि हुनुहुन्थ्यो ।

- किनभने येशू पुत्रको रूपमा मानिसहरूको सेवा गर्न आउनुभएको थियो ।

- येशूलाई उहाँले मर्नुपर्नेछ भनी थाहा थियो ।

- तर यद्यपि येशूले मर्नुपर्ने थियो तर जसले येशूलाई धोका दिनेवाला थियो त्यसले ठूलो सजाय पाउनुपर्ने थियो ।

- येशूलाई धोका दे भनेर यहूदालाई परमेश्वरले कर लगाउनुभएन ।

- येशूलाई धोका दिएकोमा यहूदा सधैंभरिको लागि दण्डको भागिदार हुन गइरहेको थियो।

- जब तिनीहरूले खाइरहेका थिए येशूले फेरि एकचोटि चेलाहरूसँग कुरा गर्नुभयो ।

आउनुस् मर्कूस १४:२२ पद पढौं ।

जब उनीहरू खाँदै थिए, येशूले केही रोटी लिनुभयो अनि त्यसको निम्ति परमेश्वरलाई धन्वाद दिनुभयो। तब उहाँले त्यसलाई टुक्रा-टुक्रा पार्नुभयो, अनि आफ्ना चेला हरूलाई दिनुभयो। उहाँले भन्नुभयो, “यो लेऊ यो मेरो शरीर हो।”

- येशूले एउटा रोटी लिनुभयो र भाँच्नुभयो परमेश्वरलाई धन्यवाद दिनुभयो रोटीलाई टुक्राटुक्रा पार्नुभयो ती टुक्राहरू चेलाहरूलाई दिनुभयो ।

- येशूले रोटी उहाँको शरीरको प्रतीक हो भन्नुभयो ।

- रोटी कसरी येशूको शरीरको प्रतीक हुनसक्थ्यो ?

- जसरी रोटी भाँचिएको थियो त्यसैगरी येशूको शरीर पनि दुष्ट मानिसहरूद्वारा भाँचिनेवाला थियो ।

आउनुस् मर्कूस १४:२३-२४ पद पढौं ।

[23] त्यसपछि येशूले कचौरा लिनुभयो अनि यसको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो। तब उहाँले त्यो
आफ्ना चेलाहरूलाई दिनुभयो। तिनीहरूले कचौराबाट पिए। [24] त्यसपछि येशूले भन्नुभयो, "यो नयाँ करारको
मेरो रगत हो। यो रगत धेरै मानिसहरूका निम्ति पोख्याएको हो।

- त्यसपछि येशूले गिलासमा अङ्गुरको रक्सी लिनुभयो धन्यवाद दिनुभयो र त्यो पनि चेलाहरूलाई दिनुभयो ।

- येशूले भन्नुभयो त्यो रक्सी उहाँको रगतको प्रतीक थियो ।

- रक्सी कसरी येशूको रगतो प्रतीक हुनसक्थ्यो ?

- जसरी रक्सी पिइनको लागि खन्याइएको थियो त्यसरी नै येशूको रगत पनि खन्याइनेवाला थियो ।

- कसको निम्ति उहाँको रगत खन्याइनेवाला थियो भनी येशूले भन्नुभयो ?

- येशूले भन्नुभयो उहाँको रगत धेरै मानिसहरूको निम्ति खन्याइनेवाला थियो ।

- जब तिनीहरूले खाइसिध्याए येशूले फेरि एकचोटि चेलाहरूसँग कुरा गर्नुभयो ।

आउनुस् मर्कूस १४:२५-२६ पद पढौं ।

म तिमीहरूलाई साँच्चो भन्दछु। म यो दाखको रस फेरि त्यसबेलासम्म पिउँदिन जुनबेला सम्म म
परमेश्वरको राज्यमा यसलाई नयाँ पिएको हुँदिनँ।" २६ तब तिनीहरूले भजन गाए अनि उहाँहरू निस्केर
जैतून डाँडातिर जानुभयो।

- जब येशू र उहाँका चेलाहरूले खाइसिध्याए तब साँझ परेको थियो ।

- तिनीहरूले खाना खाइसकेपछि येशू र उहाँका चेलाहरूले जेरूशलेम छोड्नुभयो र ओलिभ डाँडातिर जानुभयो ।